# सिपाही
पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगतमा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ७ अङ्क १२ पृष्ठ ८ १५ माघ २०६८


## भू-कम्प सुरक्षा दिवस

१४ औं भू-कम्प दिवस २०६८को अवसरमा यही माघ २ गते नेपाली सेनाले भू-कम्पीय विपदको दौरान नेपाली सेनाबाट उद्धारकार्यमा प्रयोग गरिने उपकरणहरुको एक समारोहकाबीच प्रदर्शनी गरेको छ ।





सम्मानननीय प्रधानमन्त्री डा. श्री बाबुराम भट्टराईको प्रमुख आतिथ्य तथा भू-कम्प सुरक्षा दिवस मूल समारोह समितिका अध्यक्ष्य माननीय उप-प्रधान, रक्षा तथा गृहमन्त्री श्री विजय कुमार गच्छदारको सभापतित्वमा जाउलाखेलमा सम्पन्न सो समारोहमा प्रधानसेनापति महारथी श्री छत्र मान सिह गुरुङ्ग लगायत विभिन्न निकायहरुका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।



सोही अवसरमा नेपाली सेनाले भू-कम्प तथा अन्य विपदहरुको दौरान विभिन्न समय तथा स्थानहरुमा सञ्चालन गरेका उद्धारकार्यहरु सम्वन्धी तस्वीर तथा वृत्तचित्रको समेत प्रदर्शनी गरेको थियो ।

स्मरणीय छ, नेपाल सरकार, गृह मन्त्रालयको संयोजकत्वमा गत पुस २८ गतेवाट माघ २ गतेसम्म उक्त दिवस मनाइएको हो ।

## राजदल गणको वार्षिकोत्सव



प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्ग राजदल गण परिवारको तर्फबाट प्रदान गरिएको मोमेन्टो ग्रहण गर्नुहुँदै ।

गत पुस २२ गते श्री राजदल गणले प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गको प्रमुख आतिथ्यमा आफ्नो स्थापनाको १६८ औं वार्षिकोत्सव मनाउने क्रममा रात्री भोजको आयोजना गरेको थियो ।

उक्त अवसरमा आयोजित सांस्कृतिक कार्यक्रममा पि.एस.ओज., रथीवृन्द, सेनानी समूह लगायत उपत्यकाभित्रका विभिन्न युनिटका पतिहरुको समेत उपस्थिति रहेको थियो ।

यसअघि गत पुस १२ गते कर्णेल कमाण्डाण्ट सहायक रथी श्री ताजमान सिंह बस्न्यातले वार्षिकोत्सवको अवसरमा आयोजित खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा ब्याट्रीहरुलाई शिल्ड तथा पुरस्कार प्रदान गर्नुभएको थियो भने च्याम्पियन हुने ब्याट्रीलाई पुरस्कृत गर्नुभएको थियो । बाँकी पृष्ठ ७ मा

## बेरूजु फछ्र्यौंट गर्न महत्त्वपूर्ण योगदान दिने सैनिकहरू पुरस्कृत

नेपाल सरकारको बेरुजु फछ्र्यौंट मूल्याङ्कन र अनुगमन समितिले निर्धारण गरेको लक्ष्यअनुसार बेरुजु फछ्र्यौंट गर्न नेपाली सेनाको तर्फबाट उल्लेखनीय योगदान पुऱ्याउने रथीवृन्द, अधिकृत



प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्ग बेरूजु फछ्र्यौंट गर्न महत्त्वपूर्ण योगदान दिने रथीवृन्द तथा अधिकृतहरूलाई पुरस्कृत गर्नुहुँदै ।

तथा पदिकलाई नगद पुरस्कार एवं प्रशंसा-पत्र प्रदान गरिएको छ । आर्थिक वर्ष २०६६/६७ को असार मसान्तसम्म नेपाल सरकार, बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिले तोकेको लक्ष्यअनुसार बेरुजु फछ्र्यौंट गर्न नेपाली सेनाको तर्फबाट उल्लेखनीय योगदान पुऱ्याउने लेखामा कार्यरत सकलदर्जालाई यही माघ ४ गते प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले एक कार्यक्रमकाबीच पुरस्कृत गर्नुभएको हो । बाँकी पेज ७ मा

## शान्ति सेना स्वागत तथा विदाई



संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ मोनुस्को मिशन कंगोमा तैनाथ हुन जाने श्री गोरखनाथ गण (शा.से.) १६ औं डफ्फाको तेश्रो र चौथो टोलीलाई यही माघ २ गते बलाधिकृत रथी श्री नेपाल भूषण चन्दले श्री कालीप्रसाद गण(इ) गौचर व्यारेमा आयोजित एक कार्यक्रमवीच विदाई गर्नुभयो ।

सोही मिशनमा तैनाथ रही आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी श्री सबुज गण(शा.से) १५ औं डफ्फा स्वदेश फिर्ता भएको छ ।



स्वदेश फिर्ता भएको पहिलो र दोश्रो टोलीलाई यही माघ २ गते श्री त्रिभुवन आर्मी अफिसर्स क्लव परिसरमा आयोजित एक कार्यक्रमबीच निरीक्षणाधिकृत उपरथी श्री प्रदिप जंग थापाले स्वागत तथा नगद पुरस्कार प्रदान गर्नुभएको थियो । बाँकी पेज ८ मा

**प्रधान सम्पादक : प्रा.म.से. किरण बाबु थापा**
**प्रबन्ध निर्देशक : म.से. कुवेर थापा**
**सम्पादक : प्रा.प्र.से ईश्वर कुमार श्रेष्ठ**
**सह–सम्पादक : सह–सेनानी भैरव लिम्बु**
**प्रकाशक : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार–प्रसार शाखा, जङ्गी अड्डा,**
**फोन : ०१–४२४१७३१, E–mail:–** sipahipatrika@gmail.com
*१५ माघ २०६८/ 29th Jan 2012.*

## शाश्वत वाणी

-दुश्मनले हेलचेक्राई गर्‍यो भने कि गुप्त योजना बनाउँदै छ भन्ने सोच्नुपर्छ कि मैदान छोड्ने उपाय रच्दैछ भन्ने सम्झनुपर्छ । -अज्ञात

-रुपैयाँको जो गुलामी छ ऊ धेरै अभागी हुन्छ । -शेक्सपियर

-आनन्द आफैभित्र खोज्नु पर्छ । -वायरन

***सम्पादकीय...***

# दुर्लभ वन्यजन्तु तथा प्रकृति संरक्षणमा नेपाली सेना

**पृथ्वीका सम्पूर्ण जैविक प्राणीहरुको अस्तित्व समग्र वातावरणीय, वायुमण्डलीय तथा यावत प्राकृतिक पक्षहरुको सन्तुलनमा निर्भर रहेको हुन्छ । यिनमा कुनै पनि कारणले असन्तुलन उत्पन्न भएको खण्डमा सारा जीवनको अस्तित्वमाथि नै खतरा निम्तिने गर्दछ । विज्ञान र प्रविधिको विकासले अभूतपूर्व भौतिक उपलब्धिहरु हासिल भएको हालको विश्वमा यिसँगै सिर्जित चुनौतिहरुको सामना गर्ने कार्य मानवसमाजको लागि अत्यन्त गम्भीर विषयको रुपमा देखिएको छ । खासगरि अत्यन्त तीब्र र एकहदसम्म अनियन्त्रित स्तरमा मानवसमाजद्वारा सञ्चालित क्रियाकलापहरुले प्राकृतिक, जैविक वा पर्यावरणीय पक्षहरुलाई सघनरुपले प्रभावित पार्दै लगेको पाइन्छ । यसले निकट भविष्यमा मानवसमाज लगायत सम्पूर्ण जैविक अस्तित्वमाथि नै खतरा हुने कुरालाई मनन गर्दै हाल सारा विश्वभरी नै प्राकृतिक जैविक विविधताको संरक्षण गर्दै भोलिको सुन्दर संसारको सुनिश्चिताको लागि पर्यावरणीय सन्तुलन कायम गर्ने कुरामा ऐक्यवद्धता जाहेर भएको पाइन्छ ।**

**विश्व मानचित्रमा एउटा स्वतन्त्र राष्ट्रको रुपमा रहेको हिमाली अधिराज्य नेपालले पनि उल्लेखित कुराको संवेदनशीलताप्रति गम्भीर हुँदै तत्सम्बन्धी कार्यहरु सञ्चालन गर्दैआएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरुको घोषणा यसैको एउटा पाटोको रुपमा लिन सकिन्छ । नेपालको प्रमुख एवं जिम्मेवार सुरक्षा निकायको रुपमा रहेको नेपाली सेना नेपाल सरकारद्वारा घोषित निकुञ्ज तथा आरक्षहरुको सुरक्षामा विगत ३ दशकअघिदेखि तैनाथ रहँदै आएको छ । यस क्रममा आफ्नो पेशागत धर्मअनुरुप नेपाली सेनाले कुशलतापूर्वक प्रकृतिसंरक्षणको क्षेत्रमा आफ्नो कार्यसम्पादन गर्दैआएको छ । नेपालको कूल क्षेत्रफलको करिब २३.२३ प्रतिशत अर्थात ३४१८५.६२ वर्ग की.मी. भू-भाग ओगटेको संरक्षित क्षेत्रको सुरक्षामा नेपाली सेनाको सुरक्षा पहरा निरन्तर र प्रभावकारीरुपमा सञ्चालन हुँदैआएको छ । भौगोलिक, प्राकृतिक तथा जैविक दृष्टिकोणले विविधतायुक्त नेपालको विभिन्न भागहरुमा रहेका १० वटा निकुञ्जहरुमध्ये ९ र ४ वटा आरक्षहरुमध्ये ३ वटामा नेपाली सेनाले सुरक्षा प्रदान गर्दै आएको छ । यसको लागि श्री बलाध्यक्ष्य विभाग, राष्टिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय अन्तर्गत ७ वटा गण र ७ वटा अनाश्रित गुल्मका करिब ८००० जनशक्ति खट्टिदै आएको छन् । यसक्रममा नेपाली सेनाले दुर्लभ वन्यजन्तुको संरक्षण तथा तिनको अवैध चोरी सिकारी एवं तस्करी नियन्त्रणमा उल्लेख्य भूमिका निर्वाह गर्दैआएको छ । यसैको पछिल्लो दृष्टान्तको रुपमा नेपाली सेनाको सुरक्षाघेराभित्र रहँदैआएको राष्ट्रिय निकुञ्जभित्र सन २०११ जनवरी ३ देखि २०१२ जनवरी ३ सम्म कुनै पनि गैंडाको चोरी शिकार हुन पाएन । विश्वमै दुर्लभ र खतराको सुचिमा रहेको एक सिङ्गे गैंडा संरक्षणको कार्यमा यस अवधिभित्र उल्लेख्य उपलब्धि हासिल भएको कुरालाई महशुस गर्दै त्यस्तो कार्यमा संलग्न निकायहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको संयोजकत्वमा 'एक वर्षमा शून्य चोरी शिकार' नाराको साथ गत पुस २३ गते चितवनमा एक कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा चितवन राष्ट्रिय निकुञ्जको सुरक्षार्थ तैनाथ नन्दावक्स गण र रणदल गण, बर्दिया राष्ट्रिय निकुञ्जमा तैनाथ नरसिंहदल गण र शुक्लाफाँटा वन्यजन्तु आरक्षमा तैनाथ चण्डिप्रसाद गणले प्रशंसा-पत्र पाएका थिए ।**

**देशको विषम परिवेशमा एकैवर्षमा ३५ भन्दा बढि गैंडाको चोरी शिकारीभई संरक्षणकार्य नै अत्यन्त पेचिलो बनेको तितो अनुभवको सन्दर्भमा यस वर्षको उपलब्धि अत्यन्त सुखद र महत्वपूर्ण रहेको देखिन्छ । यसमा नेपाली सेनाको भूमिका एउटा महत्त्वपूर्ण पक्षको रुपमा रहेको छ भने यस कार्यमा सम्बन्धित अन्य सरोकारवाला संघसंस्थाहरुको भूमिका अर्को पाटोको रुपमा रहिआएको छ । अतः प्राकृतिक जैविक विविधताको संरक्षणकार्यजस्तो दीर्घकालीन महत्त्वयुक्तकार्यमा क्रियाशील नेपाली सेनाका सकलदर्जा धन्यवादका पात्र छन् ।**

# ++ पोषण ++

**पोषण:**

पोषण स्वास्थ्य विकासको मुख्य आधार हो । राम्रो पोषण भनेको रोग प्रतिरोधात्मक क्षमता बलियो पार्नु हो । पोषणले गर्दा खासै रोग नलाग्ने र सबै उमेरका मानिसहरु स्वास्थ्य हुने गर्दछन् । पोषित बालबालिकाहरु बलिया र गरिबी सञ्जाल तोड्न सफल मानिन्छन् । गरिबीको एउटा प्रमुख कारण कुपोषण पनि हो ।

संसारमा एक तिहाई बालबालिकाहरु कुपोषणको शिकारभई मर्छन् । संसारमा जति पनि रोगहरु छन् ति मध्ये धेरैको कारक तत्त्व कुपोषण हो । कुपोषणको कारणले संसारमा १७ करोड ८ लाख जना बालबालिकाहरु पुड्को, कमतौलका र ख्याउते छन् । त्यसमध्ये सबैभन्दा बढी कुपोषित बालबालिकाहरु ४१ प्रतिशत एसियामा छन् ।

**तपाइँको स्वास्थ्य**

अहिले मानिसहरु सजिलोका लागि आकर्षक प्याक र महँगो खानेकुरा खाएर आफूलाई कमजोर बनाइरहेका छन् । घरमा खानेकुरा किनेर ल्याउने व्यक्ति हुन् वा बाहिर होटलमा खाने, कसैले पनि पैसा तिर्दा त्यसको लेखाजोखा गर्दैनन् । भनिन्छ जवानीको खानपानले बुढ्यौलीको स्वरुप निर्धारण गर्छ । ३० वर्षको उमेरमा हामी चिल्लो धेरै खान्छौ, शरीर मोटो बनाउँछौं भने ५० लाग्दा मधुमेह उच्च रक्तचाप, क्यान्सर आदि निम्त्याउने खाना खान्छौं ।

विरामी भएका बेला पनि झोल, ट्याब्लेट, प्याकेटका बिस्कुट, प्रोटिनयुक्त भनेर प्रचार गरिने बट्टाबन्द खाने कुराबाटै तागत लाग्छ भन्ने गलत बुझाई छ । कुपोषण हुनै नदिने र भएका मानिसका लागि पूनः स्वस्थ तन्दुरुस्त बनाउने औषधी पोषणयुक्त भोजन हो । जसमा, दाल, भात, तरकारी, रोटी, क्वाँटी, भटमास आदि पर्दछन् भन्ने मात्र बुझ्ने हो भने प्याकेटका खानेकुराको आर्थिक मार र पोषकतत्त्वको कमिबाट सजिलैसँग जोगिन सकिन्छ । तर अज्ञानता, गरिबी र औषधीको चक्करमा परेका हामीलाई कुपोषणबाट बच्न कोदो, फापर, चिउरा, भात, भटमास खानु प्याकोटका खानेकुरा र भिटामिनका रङ्गिन झोल नखानु भनेर कसैले बुझाउँदैन ।

तसर्थ यहाँ मानिसलाई स्वस्थ जीवन यापन गर्नका लागि र आवश्यक पर्ने पोषण तत्त्वका बारेमा चर्चा गर्न खोजिएको छ ।

१) **शक्ति दिने खाना :-**चामल, गहुँ, मकैं, जौं, कोदो, आलु, सखरखण्ड, चिनी, तेल, घिऊ आदि हुन् ।

२) **शरीर बनाउने खाना :-** दाल, दूध, तथा दूधबाट बनेका चिजहरु गेडागुडीहरु, अण्डा आदि हुन् ।

३) **रोग लाग्नबाट बचाउ गर्ने खाना :-** हरियो सागपातहरु, फलफूलहरु, दूध तथा दूधबाट बनेका खाने कुराहरु जरा भएका सब्जी (गाजर, मुला, सलगम) आदि हुन् ।

**खानाका महत्त्वपूर्ण उपसमुहहरु:**

१) **रगत निर्माण गर्न सहयोगी खाना :-** यसअन्तर्गत हरियो सागपातहरु, दालहरु, गेडागुडीहरु, कलेजो, माछा, मासु, कागती, अमला, अम्बाजस्ता अमिलो फलफूलहरु आदि पर्दछन् ।

२)**आँखा तेजिलो पार्ने खाना :-**दूध तथा दूधबाट बनेका खाने कुराहरु पहेंला र सुन्तला रङ्गका फलफूलहरु तथा तरकारीहरु (जस्तैः पाकेको फर्सी, मेवा, गाजर, केरा) आदि ।

३) **हड्डी मजबुत बनाउने खाना :-**दूध तथा दूधबाट बनेका खाने कुराहरु, अन्नहरु (चामल, गहुँ, मकै, जौ, कोदो, आदि) दालहरु, माछा, मासु, अण्डा, केरा आदि पर्दछन । ....

बाँकी अर्को अङ्कमा

स्रोतः *प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्रद्वारा प्रकाशित झलाकुसारी अङ्क १०६*

# आगलागी नियन्त्रण

ताप्लेजुङ्ग जिल्लाको हाङदेवा गाविसस्थित छेतन शेर्पाको घर नजिक रहेको गोठमा यही माघ १ गते भएको आगलागी विष्णुदल गणअन्तर्गत सुरक्षा बेश सुकेटारबाट जमदार प्रेम बहादुर बिष्टको कमाण्डमा गएको १८ जनाको फायर फाईटिङ्ग टोलीले नियन्त्रण गरेको छ ।

# मन्दिर पून:निर्माण कार्य सम्पन्न

पाँचथर जिल्लास्थित श्री विष्णुदल गणले गत असोज २ गते गएको भू-कम्पमा क्षतिग्रस्त भएको फिदिम गाविसस्थित श्री लक्ष्मी नारायण मन्दिरको पून:निर्माण कार्यमा सहयोग गरेको छ । गणबाट अधिकृतको कमाण्डमा गएको ११२ जनाको टोलीले गत पुस २८ गते निर्माण सामग्री मन्दिरसम्म पुर्‍याउँने कार्यमा सहयोग गरेको हो ।

# वीरभद्रजंग गुल्म

गत पुस २६ गते जिल्ला जनस्वास्थ्य कार्यालय स्याङ्गजाको आयोजना तथा सुश्मा कोइराला मेमोरियल ट्रष्टको प्राविधिक सहयोगमा, जिल्ला अस्पताल स्याङ्गजामा सञ्चालन गरिएको पाठेघरको निः शुल्क शल्यक्रियाका लागि वीरभद्रजङ्ग गुल्मले ३ जना नर्सिङ्ग अर्दली सहित ५० थान म्याट्रेस उपलब्ध गराएको छ ।

यसैबीच सो शिविरमा शल्यक्रियाका लागि बी. पोजेटिभ रगत आवश्यक परेपछि वीरभद्रजङ्ग गुल्मका अम.घम्बिर नेपाली र प्युठ सुरेश फौजा मगरले रक्तदान गरेका थिए ।

# नं. ३ राजदल गण

नं. ३ राजदल गणले यही माघ ६ गते तनहुँको खैरनीटारदेखि तीनखोली जाने ५ किलोमिटर लामो कच्ची बाटोको मर्मत सम्भार तथा सरसफाइ गरेको छ । सो कार्यका लागि राजदल गणका ३९ जनाले दुई दिनसम्म श्रमदान गरेका थिए ।

## नेपालको सैनिक इतिहास

(साभारः नेपालको सैनिक इतिहास भाग १)

अघिल्लो अङ्कबाट क्रमशः

**श्रीनाथ-राजदल कम्पु दफदरखाना तिर्जापुर्जा अड्डाः** सन् १८५८ मा नै खरिदार कृष्ण मित्र लगायत बाकावीर र दशरथ सिंहलाई तिर्जा पुर्जा अड्डामा बहाली गर्दा निम्नलिखित कार्यक्षेत्र तोकिएको थियो- १. जागीरमा बहाली भएका सिपाहीहरु, मरिसकेका भागेका वा थुनुवामा परेका सिपाहीहरुका छुट्टाछुट्टै नामहरु किताब अड्डाबाट रुजु प्रमाणित गराई खानगी अड्डामा नाम दर्ता गर्ने, २. जागीरमा बहाली भएका कम्पु पल्टनका सिपाहीहरुका तिर्जा-पुर्जा तयार गरेर राख्ने र सुवेदार, जमदार, हुद्दामार्फत सम्बन्धित कम्पनी पल्टनमा पठाउने, ३. कम्पु पल्टनका सुवेदार, जमदार, हुद्दा, सिपाही आदिको तलबी विवरण तयार पार्ने र उक्त अड्डाको छाप लगाई तहसिल अड्डामा बुझाउने र यसको भर्पाइ सो अड्डामा राख्ने, ४.कम्पु पल्टनमा नयाँ भर्ती गरेका सिपाहीहरुको संख्या उनीहरुको खानगी खेत, खुवा वा नगदी जम्मै छुट्टयाएर नाम सहित उल्लेख गरी प्रमाणिक रुपमा चल्ता-फिर्ता बुझाउने, ५. कम्पु पल्टनको नयाँ भर्ना भएका सिपाहीहरु वा खोसुवामा परेकाहरुको विवरण उनीहरुले पाउने वा पाएका खेत, खुवा वा नगदी विवरण तयार राख्ने।

**श्रीनाथ-राजदल कम्पु दफदरखाना चल्ताफिर्ता अड्डाः** सन् १८५८ कै अर्को दस्तावेजमा यस अड्डाका प्रमुख कार्य क्षेत्र यसरी निर्धारण गरिएको पाइन्छ : १.तिर्जापुर्जा अड्डाबाट सिपाहीहरुका खानगीका निमित्त पेश भएका कागजात निकासाको निमित्त सदर दफदरखानमा पेश गर्ने र बाँकी हुन आएका खानगी, खेत, खुवा सरद दफदरखानामा फिर्ता पठाउने, २. नयाँ भर्ना भएका र खोसुवामा परेका सिपाहीहरुको लगत तयार पारी मोठ अड्डामा पठाउने, ३. कम्पु पल्टनमा खानगीका रुपमा महिनावारी तलब पाउने सिपाहीहरुको लगत तिर्जा पुर्जाबाट पेश भएपछि आवश्यक रकमको निकासाका निमित्त कुमारीचोकमा पठाउने।

सैनिक संगठन अभियान संचालन भएयता स्थायी सेना खडा गर्ने क्रममा समय समयमा विभिन्न शासकहरुले सैनिक सेवामा प्रवेश गराएका सिपाहीहरुलाई भर्ना गर्न र उनीहरुको खानगी वा तलबको आवश्यक व्यवस्था सदर दफदरखानाबाट सदर कम्पनी दफदरखाना र कम्पु दफदरखाना स्थापना हुन गई यसका विभिन्न निकायहरुबाट हुने कार्य संचालनबारे व्याख्या भइसकेपछि सैनिक प्रशासनसित सम्बद्ध कार्यालयबारे चर्चा हुनु आवश्यक छ। एकीकरण अभियानका प्रारम्भिक चरणतिर यस सम्बन्धमा विशेष व्यवस्था भएको देखिदैन। जंगबहादुर राणाको उदय हुनु पूर्वसम्म सैनिक प्रशासनको निमित्त केन्द्रमा राणा वा राणाका अख्तियार पाएका नायब, मुख्तियार आदिको तजबीजमा प्रशासन संचालन हुन्थ्यो, राजधानीभन्दा बाहिर केन्द्रको निर्देशनमा सुब्बा, सरदार, चौतारिया वा सुवेदारको तजबीजमा संचालन हुन्थ्यो यी पदाधिकारीहरु सिपाहीका भर्नादेखि युद्धसंचालन समेत गर्दथे। यस्ता परिपाटीले गर्दा व्यक्ति विशेषमा प्रशासन निर्भर हुन्थ्यो र सैनिक परिचालन गरिन्थ्यो। यसको असर पश्चिमका कुमाऊँ गढवाल भेगमा नकरात्मक रहन गई अन्ततः त्यहाँका स्थानीय जनता समेत अंग्रेज समर्थक हुन गएको कुरा यहाँ दोहोऱ्याइरहनुपर्दैन। जंगबहादुरको उदयपश्चात् खडा भएको जंगी अड्डा र अन्य अड्डाहरुले सैनिक संगठनमा एकरुपता कायम गर्न निकै सघायो।

**जंगी अड्डाः** जंगबहादुरले बेलायत यात्राबाट फर्केर आएपछि जंगी अड्डा स्थापना गरेको कुरामा कुनै सन्देह रहँदैन। बेलायत यात्राको क्रममा जंगबहादुर यूरोपीय सैनिक संगठनात्मक शैलीबाट प्रभावित भएको कुरा वंशावलीमा उद्धृत गरिएका पंक्तिहरुबाट स्वतः स्पष्ट हुन्छ। अतः बेलायतबाट फर्किसकेपछि उनले नेपाली सेनाका स्तरयुक्त तालिमका निमित्त जंगी अड्डाको माध्यमबाट सर्भे, मेशिनगन र बन्दूक चलाउने कक्षाहरु संचालन गर्न छुट्टै व्यवस्था मिलाए। यस्ता तालिमका निमित्त विदेशबाट समेत विशेषज्ञ झिकाउने उनको योजनाबारे माथि नै चर्चा गरिसकिएको छ। यस्तै यस जंगी अड्डामा अन्य विभिन्न कार्यक्षेत्र थिए जस्तैः- १.जंगी अड्डाको स्थापनाद्वारा जंगबहादुरले सेनालाई थप सुविधाको व्यवस्था मिलाए। यस अनुसार सेनालाई खानगी वा तलबका अलावा औषधोपचार एवं अन्य आर्थिक सुविधा प्रदान गर्ने जिम्मेवारी यस अड्डालाई सुम्पे। २. जंगी अड्डाको स्थापना भएपछि सैनिक पेशामा लागेका सिपाही वा अफिसरहरुका विभिन्न प्रकारका मुद्दाहरु जस्तै सैनिक पेशाबाट पलायन भएका, अनुसाशन कारवाहीमा परेका वा सैनिक विद्रोहमा दोषी ठहरिएकाहरुलाई अपराधअनुसार दण्ड दिने काम समेत गर्दथे। यसैले जंगी अड्डालाई जंगी अदालत पनि भनिन्छ। ३.यस अड्डाले सैनिक प्रशासनसम्बन्धी पुस्तक र सेनासम्बन्धी कानुनहरु नेपाली भाषामा उल्था गराई सुरक्षित राख्ने काम पनि गरेको थियो। जंगी अड्डामा यी व्यवस्थाहरु मिलाउन डिठ्ठा, विचारी, राइटर र नौसिन्दाहरु कार्यरत हुन्थे।

**सदर जंगी जाँच कचहरी (अड्डा):** जंगी अड्डाले काठमाडौं उपत्यकाका सेनाको प्रशासनिक पक्षको व्यवस्था कायम गराउन कार्यरत हुन्थे भने देशका विभिन्न जिल्लाहरुमा छरिएर रहेका कम्पु, पल्टन र कम्पनीको यथास्थितिबारे जाँचबुझ गरी आवश्यक निर्देशन एवं कारवाही गर्न सदर जंगी जाँच कचहरी स्थापना हुन गएको थियो। यसभन्दापूर्व यस्ता कार्य केन्द्रबाट खटिएका व्यक्तिहरुबाट कुन आधारमा गरिन्थ्यो भन्नेबारे माथि उल्लेख भइसकेको छ। सन् १८७६ मा यो कचहरी एउटा मेजर कप्तानको अधीनमा खडा गरिएको पाइन्छ।

**कोतखाना र तोपखानाः** साधरणतया कोतखाना भन्नाले बन्दूक आदि जम्मा गर्ने भण्डार भन्ने बुझिन्छ। जंगबहादुरले सैनिक परिचालनका निमित्त आवश्यक हतियार निर्माण गर्न यस्ता कोतखाना र तोपखानाको व्यवस्था गरेका थिए। यस सम्बन्धमा तल यथास्थानमा विस्तृत चर्चा गरिनेछ।

**तहवील फाँटः** यसलाई जंगी तहबील फाँट पनि भनिन्छ। सेनासम्बन्धी सबै दस्तावेजहरु सुरक्षित रुपमा राख्ने यस फाँटमा सेनाले लाउने पोशाक र चेन पनि जम्मा गरिन्छ। यी विभिन्न अड्डाहरु पछि गएर जंगी अड्डामा नै अन्तरनिहित हुन गएबाट जंगी अड्डाको स्वरुपमा विस्तार हुँदै गएको पाइन्छ।

*क्रमशः अर्को अङ्कमा*

## माघ १५ देखि ऐ.मसान्तसम्मको तपाईंको राशिले के भन्छ



*-ज्योतिषाचार्य पण्डित सहायक सेनानी श्री शिव शंकर न्यौपाने*

यस पाक्षिक भित्र पर्ने चाडपर्वहरुः
१६ गते सोमबार शहीद दिवस, २० गते शुक्रबार एकादशी,
२४ गते मंगलबार स्वस्थानीव्रत समाप्ती

***मेषः(चु,चे,चो,ला,ली,लू,ले,लो,अ)*:-** समय नराम्रो छैन। धार्मिक कार्य बन्ने, पैतृक सहयोग, जागिरमा प्रगति, स्वास्थ्यमा उतारचढाव, सेवा सहयोगमा संलग्नता, कामको मूल्याङ्कन हुने, चिन्ताले सताउने छ।

***वृषः(इ,उ,ए,ओ,वा,वी,वु,वे,बो)*:-**समय सन्तोषप्रद देखिन्न। स्वास्थ्यमा खरावी देखिने, वादविवादको सामना, यात्रामा खर्च, रिसले दुःख दिने, अचानक हुने कामबाट प्रगति, पारिवारिक सहयोगमा कमी दानपुण्य तथा सामाजिक काममा सन्तोष।

***मिथुनः(का,की,कु,घ,ङ,छ,के,को,हा)*:-**सामान्य समय छ, विभिन्न झमेला आइलाग्ने, अप्रिय समचार आउने परिश्रमको फल मिल्ने, रचनात्मक काम बन्ने, खर्च बढी हुने, कृषि तथा व्यापार व्यवसायबाट लाभ, आर्थिक सफलता मिल्नेछ।

***कर्कटः(ही,हू,हे,हो,डा,डी,डू,डे,डो)*:-** पारिवारिक वातावरण विग्रन सक्छ। स्वास्थ्य सामान्य रहला, धन खर्च हुने, व्यवहारिक कठिनाइ आउने, सुख भोगमा कमी आउने, वौद्धिक काम गर्न सकिने, यात्राको योग, खानपिनमा समय बित्नेछ।

***सिंहः(मा,मी,मु,मे,मो,टा,टी,टु,टे)*:-** यात्राको योग छ। स्वास्थ्य सामान्य रहला, जागिरमा प्रगतिको योग, मानसिक चञ्चलता बढ्ने, देश विदेश भ्रमण हुने छ, सनातिना विवादको सामना होला, प्रतिष्ठा वृद्धि हुने दिन छ।

***कन्याः-(टो,प,पी,पु,ष,ण,ठ,पे,पो)*:-** मिश्रित फल मिल्ने छ, पढाइलेखाइमा सहयोग होला, शत्रुपराजित हुने, खर्चको मात्रा बढ्ने, सरकारी जागिरबाट लाभ, यात्राबाट सन्तोष प्राप्त, मानसिक एवं शरीरिक स्वस्थता रहने छ।

***तुलाः(र,री,रु,रे,रो,ता,ती,तू,ते)*:-**त्यति प्रभावकारी समय छैन। मिहिनेतको फल मिल्ने, झमेला आइलाग्ने,मनमा भय बनिरहने, तपाईको कामको मूल्याङ्कन हुने, परिवारमा कुनै माङ्गलिक काम हुने, अरुलाई सहयोग गर्नु पर्ने छ।

***वृश्चिकः(तो,ना,नी,न,ने,नो,या,यी,यु)*:-** अस्थिर आम्दानी हुने रिस एवं झगडाको वातावरण बन्न सक्ने, अचानक काम सम्पन्न हुने, पराक्रम वृद्धि हुने समाजमा इज्जत बढ्ने, खानपिन तथा भोज भतेरमा समय बित्नेछ।

***धनुः(ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)*:-**धन प्राप्तिको योग बोलीको प्रभाव बढ्ने, यात्राको समय, अप्रिय समाचार आउला, पारिवारिक वातावरण सुध्रने, पढाई लेखाइमा प्रगति हुने, जागिरबाट सन्तोष मिल्ने छ।

***मकरः(भो,जा,जी,खी,खु,खे,खो,गा,गी)*:-**मन चञ्चल हुनेछ, धार्मिक तथा सामाजिक काममा सक्रियता बढ्ने, पढाईबाट लाभ मिल्ने, परिश्रम बढ्नेछ, खेलकुद तथा अन्य काममा मन स्थिर रहने खानपिन तथा भोजमा समय बित्ने छ।

***कुम्भः(गु,गे,गो,सा,सी,सु,से,सो,दा)*:-**फलदायी समय छ, इज्जत बढ्ने छ, आर्थिक लाभ हुने छ। वौद्धिक कामप्रति चासो बढ्ने, यात्रा एवं मित्र मिल्ने समय, कृषि तथा व्यापार व्यवसायबाट प्रगति हुनेछ।

***मीनः(दी,दु,थ,झ,ञ,दे,दो,चा,ची)*:-** प्रगतिको समय, वौद्धिक तथा रचनात्मक काम गर्न सकिने, धन लाभको योग, बोल्नेको पिठो बिक्ने समय मित्रसँग विवाद नहोला भन्न सकिन्न, शत्रु देखि सजक रही रहन पर्ने छ।

## पानी ट्याङ्की मर्मत सम्भार

रुकुम जिल्लास्थित साँख गा.वि.स.वैरीदह २ मा जीर्ण अवस्थामा रहेको पानी ट्याङ्कीको दि फेमस महिन्द्र दल गणले मर्मतसंभार गरेको छ। यही माघ ५ गतेदेखि ८ गतेसम्म गणबाट गएको ४९ जनाको टोलीले ट्याङ्की मर्मत संभार गरेको हो।

गत पुस १ गतेबाट सञ्चालन भएको पहिलो चरणको सामुहिक तालिममा तालिमरत शिक्षार्थीहरुले ट्याङ्कीलाई ६ वटा जाली लगाई पर्खाल लगाउने र मर्मत गर्ने कार्य सम्पन्न गरेको हुन्। उक्त पानी ट्याङ्कीको मर्मत संभारपछि २५० घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्।

## सडक अवरोध हटाइयो

गत पुस २८ गते हिमपातका कारण अवरुद्ध भएको रसुवा जिल्लाको पासाङ ल्हामु राजमार्ग अन्तर्गत राम्चेदेखि धुञ्चेसम्मको सडक खण्ड अह्विदमन गणको सक्रियतामा खुलाइएको छ। अवरुद्ध सडक खुलाएपछि स्थानीयवासिन्दाको जनजीवनमा सहजता आएकोले रसुवा जिल्लाका कार्यालय प्रमुखहरुले यही माघ ५ गते सो गणलाई धन्यवाद समेत दिएका थिए।

## *नेपाली सैनिक रेडियो कार्यक्रम प्रसारण हुने स्टेशन तथा समयतालिका*

| सि.नं. | स्टेशन/स्थान | मेघाहर्ज | बार/समय |
|---|---|---|---|
| १. | रेडियो नेपाल एफ.एम.<br>रेडियो नेपालका | १००<br>सबै फ्रिक्वेन्सीहरुमा | आइतबार<br>बेलुका ८:१५-८:४५ बजेसम्म |
| २. | राजधानी एफ.एम.,काठमाण्डौं | १००.६ | आइतबार<br>साँझ ६:३०-७:०० बजेसम्म |
| ३. | मेरो एफ.एम.,काठमाण्डौं | ९३.५ | सोमबार<br>राति ८:००-८:३० बजेसम्म |
| ४. | सैलुङ्ग एफ.एम., दोलखा | १०४.० | मंगलबार<br>बिहान ८:१०-८:४०बजेसम्म |
| ५. | ढोरबाराही एफ.एम., तनहुँ | ८८.२ | बुधबार<br>बेलुका ७:३०-८:००बजेसम्म |
| ६. | वालिङ्ग एफ.एम., स्याङ्गजा | ८९.२ | मंगलबार<br>साँझ ५:००-५:३० बजेसम्म |
| ७. | स्याङ्गजा एफ.एम, स्याङ्गजा | ८९.६ | विहीबार<br>साँझ ५:३०-६:०० सम्म |
| ८. | रेडियो मनासलु, गोरखा | १०३.९ | मंगलबार<br>साँझ ६:००-६:३० सम्म |

*नोट : www.nepalarmy.mil.np मा संसारको जुनसुकै स्थानमा बसेर आफूले चाहेको नयाँ तथा पूरानो रेडियो सैनिक कार्यक्रम सुन्न सक्नुहुनेछ।*

## मध्यपृतना अपरेशन कन्फरेन्स

यही माघ ९ गते मध्यपृतनापति उपरथी श्री राजेन्द्र क्षेत्रीले २ दिने अपरेशन कन्फरेन्स २०६८ को एक समाहरोहकाबीच समापन गर्नुभयो ।



उक्त अवसरमा उहाँले सुरक्षा रणनीति सम्बन्धमा सहभागीहरुलाई विभिन्न निर्देशन दिनुभएको थियो । कन्फरेन्समा मध्य पृतना हेडक्वाटर अन्तर्गत ६, ७ र ९ वाहिनीका सहायक वाहिनीपति, युद्धकार्य प्रमुख सेनानी तथा पृतना हेडक्वाटरका अधिकृतहरुको सहभागिता रहेको थियो ।

## कमाण्डो तालिम समापन

गत मङ्सिर २५ गतेबाट श्री सैनिक शिक्षालय नगरकोट व्यारेक भक्तपुरमा सञ्चालन भएको सि.सं.४८ युवक अधिकृत तालिम(कमाण्डो खण्ड)को यही माघ ८ गते सो शिक्षालयका शिक्षाधिकृत सहायक रथी श्री हिमालय थापाले एक कार्यक्रमबीच समापन गर्नुभएको छ ।



५१ जना सहभागीमध्ये ४९ जनाले उक्त तालिम सफलतापूर्वक सम्पन्न गरेका थिए । तालिम समापनको अवसरमा शिक्षार्थीहरुलाई सम्बोधन गर्दै शिक्षाधिकृत सहायक रथी श्री थापाले तालिममा सिकेका ज्ञानलाई व्यवहारमा उतार्न निर्देशन दिनुभएको थियो । साथै उहाँले तालिममा सर्वप्रथम तथा शारीरिक सहिष्णुतातर्फ प्रथम हुने श्री महावीर गण(रेन्जरका) उप-सेनानी बाबुकाजी के.सी., स्पेशल मिशन सञ्चालनतर्फ प्रथम हुने श्री सिद्धिदल गणका उप-सेनानी कञ्चन महत, उत्कृष्ट बडिद्धय श्री सिंहनाथ गणका उप-सेनानी प्रवेश पाण्डे र श्री चन्दननाथ गणका उप-सेनानी सविन खड्कालाई शिल्ड तथा शिक्षार्थीहरुलाई प्रमाण-पत्र प्रदान गर्नुभएको थियो ।

## स्टेशनरी तथा खेलकुद सामग्री वितरण

शान्ति स्थापनार्थ कङ्गोमा तैनाथ रहेको सवुज गण(शा.से.) १५ औं डफ्फाले यही माघ ५ गते नेपव्याट हाताभित्र सञ्चालित व्यवसायिक तालिम केन्द्रमा तालिमरत करिब ८० जनालाई शैक्षिक सामग्रीहरु वितरण गरेको छ । उक्त व्यवसायिक तालिम केन्द्र त्यहाँ तैनाथ रहने नेपाली शान्ति सैनिक (नेपव्याट)को सुपरिवेक्षणमा सञ्चालन हुँदै आएको छ ।



यसैगरि सो गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र पर्ने बेनी शहरका विभिन्न ५ वटा स्थानीय क्लवहरुलाई फुटवल लगायतका खेलकुद सामग्री वितरण गरेको छ । गणको तर्फबाट सो सामग्रीहरु गणपति प्रमुख सेनानी श्री टुकबहादुर मल्लले हस्तान्तरण गर्नु भएको थियो ।

## मिडिया आधार तालिम शुरु

जङ्गी अड्डास्थित सैनिक जनसम्पर्क निर्देशनालयमा यही माघ ८ गतेबाट सि.सं. ४ मिडिया आधार तालिम शुरु भएको छ ।



सो तालिमको सैनिक जन-सम्पर्क निर्देशनालयका सह-निर्देशक महा सेनानी श्री कुवेर थापाले एक कार्यक्रमकाबीच शुभारम्भ गर्नु भएको हो ।

फोटोग्राफी, छापा तथा प्रशारण सम्बन्धी आधारभूत ज्ञान दिलाउने उद्देश्यले सञ्चालन गरिएको यस तालिममा विभिन्न युनिटका ४० जना शिक्षार्थीहरुको सहभागिता रहेको छ ।

## श्री विष्णु दल गणको फर्दा बदली



पाँचथर जिल्लास्थित विष्णुदल गणले गत पुस २ गते गणको निशानको फर्दा बदली गर्ने कार्य सम्पन्न गरेको छ । गणका गणपति प्रमुख सेनानी श्री महेश कुमार थापाले निशान भगवतीको विधिवत् पूजाअर्चना गर्नुभई निशानको फर्दा बदली गर्नुभएको थियो । उक्त अवसरमा गणका सम्पूर्ण अधिकृत, पदिक तथा सकल दर्जाहरुको साथै प्रमुख जिल्ला अधिकारी लगायत जिल्लास्थित विभिन्न सुरक्षा निकायका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।

## बज्रदल गणको सामूहिक तालिम निरीक्षण



गत पुस १ गतेदेखि नवलपरासी जिल्लाको साहुमारा इलाकामा श्री बज्रदल गणले सञ्चालन गरेको सामूहिक तालिमको श्री नं.२२ वाहिनी अड्डाका नि.वाहिनीपति महासेनानी श्री अरुण घलेले यही माघ ४ गते निरीक्षण भ्रमण गर्नुभएको छ । निरीक्षणको क्रममा उहाँले तालिमका शिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुँदै सामूहिक तालिमको महत्त्वका बारेमा प्रकाश पार्नुभएको थियो । साथै उहाँले पेशागत दक्षता अभिवृद्धि गर्ने तथा व्यवसायिक र उच्च अनुशासित सिपाही तयार गर्न तालिमले महत्त्पपूर्ण भूमिका खेल्ने विचारसमेत व्यक्त गर्नुभएको थियो । उक्त सामूहिक तालिममा ११८ जना शिक्षार्थीहरुको सहभागिता रहेको छ ।

## तारादल गणका सैनिक जवानहरुद्वारा रक्तदान



दाङका घोराहीस्थित श्री तारादल गणका अधिकृत, पदिक तथा अन्यदर्जा गरी ३० जनाले गत पुस २१ गते रक्तदान गरेका छन् ।

स्थानीय श्री शान्ति सुधा उ.मा.वि को १८ औं वार्षिकोत्सवको अवसरमा नेपाल जूनियर रेडक्रस सर्कल शान्ति सुधाले आयोजना गरेको उक्त रक्तदान कार्यक्रममा शान्ति सुधा उच्च माध्यमिक विद्यालयका शिक्षक, छात्र/छात्रा तथा अविभावकहरुगरि थप २० जनाले समेत रक्तदान गरेका थिए ।

## नेपालमा दक्षिण एशियाली सैनिक खेलकुद प्रतियोगिता आयोजना हुने

दक्षिण एशियाली राष्ट्रका सेनाहरुबीच आपसी सद्भाव अभिवृद्धि गर्ने उद्देश्यकासाथ विभिन्न विधामा खेलकुद प्रतियोगिता सञ्चालन हुने भएको छ ।

नेपाली सेनाबाट आयोजित सो खेलकुद प्रतियोगितामा फुटवल, भलिबल, ते-क्वान्दो, ब्याटमिन्टन, बक्सिङ्ग तथा एथलेटिक्सतर्फका १५०० मिटर, ५००० मिटर दौड हाइजम्प, लंग जम्प, डिस्कस थ्रो र हयामर थ्रो जस्ता खेलकुदहरु समावेश गरिएका छन् । सेना दिवस २०६८ को अवसरमा ललितपुरको लगनखेलस्थित राजदल गणको हाताभित्र निर्माणाधिन आर्मी फिजिकल ट्रेनिङ्ग एण्ड स्पोर्टस सेन्टरको उद्घाटनसँगै शुरु हुने उक्त खेल प्रतियोगिता आगामी फागुन २६ गतेदेखि चैत १ गतेसम्म सञ्चालन हुनेछ भने प्रतियोगितामा १५५ वटा मेडलका लागि दक्षिण एशियाली देशहरुका ४७२ जना सैनिक खेलाडीहरुले प्रतिस्पर्धा गर्नेछन् ।

# लैङ्गिक समानता तालिम सम्पन्न

पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा गत पुस २८ र २९ गते लैङ्गिक समानता तथा युएनएससीआरएस १३२५ र १८२० सम्बन्धि आधारभूत तालिम सञ्चालन गरिएको छ ।

तालिमको गत पुस २९ गते मानव अधिकार निर्देशक प्राड सहायक रथी श्री निरेन्द्र प्रसाद




अर्यालले समापन गर्नु भएको थियो । उहाँले संयुक्त राष्ट्र संघको आह्वानमा खट्टिने शान्ति सैनिकहरुको लागि लैङ्गिक तालिमको महत्वका बारेमा प्रस्तुति गर्नु भएको थियो । सो अवसरमा उहाँले यस प्रकारको तालिमले विषम परिस्थितिमा सुरक्षा फौजले गर्ने व्यवहारमा सुधार ल्याई कानून बमोजिमको लडाईं लड्न मद्दत पुऱ्याउने धारणा राख्नु भएको थियो ।

यसअघि सो तालिमको गत पुस २८ गते मानव अधिकार निर्देशनालयका सह-निर्देशक महा सेनानी श्री नैनराज दाहालले शुभारम्भ गर्नु भएको थियो । तालिममा अधिकृत, पदिक तथा अन्यदर्जा गरी ५९ जना शिक्षार्थीको सहभागिता रहेको थियो ।

# उद्धार कार्य

गत पुस २५ गते म्याग्दी जिल्लाको पाखापानी गाविस वडा नं. १ औलो इलाकामा पहिरो गई राहुघाट नदीको वहावलाई अवरुद्ध पारेपछि इन्द्रबक्स गणबाट अधिकृतको कमाण्डमा गएको २५ जनाको टोलीले स्थानीय वासिन्दासँगको सहकार्यमा पहिरो हटाएको छ । पहिरोले राहुघाट





नदीको वहावलाई अवरुद्ध गरी स्थानीय वासिन्दा जीवन पाइजा तथा मनिसरा पाईजाको १० रोपनी खेत बगाउनुको साथै तुल बहादुर शेरपूजाको घरसमेत जोखिममा परेपछि घरमा रहेका समानहरु सुरक्षित स्थानमा लैजाने कार्यमा गणले सघाएको थियो ।

# शैक्षिक भ्रमण

सैनिक शिक्षण पक्षमा सञ्चालन भइरहेको सि.सं. ८० फष्टक्लास शिक्षा तालिमका शिक्षार्थीहरुलाई केन्द्रिय बागवानी, किर्तिपुर, तरकारी बीउविजन उत्पादन केन्द्र तथा नेपाल कृषि अनुसन्धान महाशाखा, खुमलटार र राष्ट्रिय वनस्पति उद्यान, गोदावरीको अवलोकन भ्रमण गराइएको छ ।

२२६ जना शिक्षार्थी, निजामति शिक्षक तथा शिक्षण पक्षका शिक्षाधिकृत प्रमुखसेनानी श्री यम बहादुर सापकोटा लगायत शिक्षक अधिकृत, पदिक तथा अन्यदर्जा गरी २४६ जना उक्त



अवलोकन भ्रमणमा सहभागी रहेका थिए ।

कम्तिमा ७ वर्षदेखि बढीमा २१ वर्ष सेवा गरिसकेका शिक्षार्थीहरुले हाल फष्टक्लास शिक्षा तालिम गरिरहेका छन् । यसै तत्थ्यलाई दृष्टिगत गरी निवृत्तभरणमा जाने जवानहरुको लागि कृषिमा आधारित पेशा/व्यवसाय अवलम्बन गर्न सहयोग पुगोस् भन्ने हेतुले यो भ्रमण गराइएको शिक्षण पक्षले जनाएको छ । उक्त भ्रमणका क्रममा शिक्षार्थीहरुले सम्बन्धित विशेषज्ञ प्राविधिकसँग समसामयिक र व्यवहारिक जिज्ञासा राखेका थिए ।

उक्त अवलोकन भ्रमणका क्रममा केन्द्रिय वागवानी, किर्तिपुरका कार्यक्रम निर्देशक डाक्टर श्री चुटराज गुरुङले नेपाली सेनाका जवानहरुले यति ठूलो संख्यामा अभिरुचिपूर्वक भ्रमण गरेकोमा खुसि व्यक्त गर्नु भएको थियो ।

# चौधौं भू-कम्प सुरक्षा दिवस

## श्रीनाथ गण

डडेल्धुरा जिल्लामा तैनाथ श्रीनाथ गणले चौधौं भू-कम्प सुरक्षा दिवसको अवसर पारि गत पुस २८ गते गणका सकलदर्जाको लागि भू-कम्प जोखिम न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।



उक्त अवसरमा नेपाली सेनाद्वारा तयार पारिएको 'भू-कम्प जोखिम न्यूनीकरणमा नेपाली सेना' विषयक वृत्तचित्र प्रस्तुत गरिएको थियो । साथै गणका युद्धकार्याधिकृत सेनानी श्री विनोद प्रसाद पोखरेलले भू-कम्प जानु भन्दा अगाडि गर्नुपर्ने सावधानीहरु, भू-कम्प गइरहेको बेलामा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरु, भू-कम्प गइसकेपछि गर्नु पर्ने राहत र उद्धारका कार्यहरु र भू-कम्पको जोखिम न्यूनीकरण गर्ने उपायहरुबारे सकलदर्जालाई जानकारी दिनुभएको थियो । यस्तैगरि गत पुस २९ गते गणको हाताभित्र भू-कम्पीय जोखिम न्यूनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रमको समेत आयोजना गरिएको थियो । सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लगायत जिल्लास्थित सरकारी/गैरसरकारी कार्यालयका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।

## बटुकदल गण

सुनसरी जिल्लामा तैनाथ बटुकदल गणले गत पुस २८ गते गण अन्तर्गतका सुरक्षा वेसहरुमा भू-कम्पीय न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

चौधौं भू-कम्प दिवसको अवसरमा सञ्चालित सो कार्यक्रममा मनोवैज्ञानिक कार्य महाशाखाबाट भू-कम्पको दौरान तथा भू-कम्प पश्चात् गरिने कारबाहीको बारेमा वृत्तचित्र प्रदर्शन गरिएको थियो । साथै पुस २९ गते सुनसरी जिल्ला विकास समितिको कार्यालयको






सभाकक्षमा भू-कम्प जोखिम न्यूनीकरणमा नेपाली सेना विषयक वृत्तचित्र प्रदर्शन गर्नुको साथै विकासोन्मुख मुलुकहरुमा भू-कम्पीय जोखिम न्यूनीकरण विषयमा अन्तरक्रिया कार्यक्रमसमेत सञ्चालन गसरएको थियो । उक्त कार्यक्रममा गणपति प्रमुख सेनानी श्री लक्ष्मण थापा, प्रमुख जिल्ला अधिकारी एवं सम्बन्धित कार्यालय प्रमुखहरु लगायत लगायत जिल्ला दैविक प्रकोप उद्धार समितिका सदस्यहसमेत गरी करिब ४० जनाको सहभागिता रहेको थियो ।

## गोरखदल गण

बर्दियामा तैनाथ श्री गोरखदल गणले यही माघ २ गते "१४ औ भू-कम्प सुरक्षा दिवसको अवसरमा भू-कम्प सम्बन्धी सचेतना कार्यक्रम गरेको छ ।



भू-कम्प सुरक्षा दिवसको अवसरमा जिल्ला विकास समिति बर्दियाले निकालेको ऱ्यालीमा सहभागीहरुलाई गणका अधिकृतले भू-कम्पीय प्रकोपका जोखिम न्यूनिकरणमा नेपाली सेनाको भूमिका साथै जोखिम न्यूनिकरण सम्बन्धि सचेतना कक्षा सञ्चालन गरेको थियो । सो ऱ्यालीमा गणपति प्रमुख सेनानी श्री सविन राणा लगायत गणका ४५ जना सकलदर्जा सहभागी भएका थिए । साथै गणले रेडक्रस सोसाईटी बर्दियासँग सहकार्यगरि भू-कम्पमा परेका घाइतेहरुलाई उद्धार गर्ने तरिकाको डेमोसमेत प्रस्तुत गरिएको थियो ।

## सिग्नल तालिम शिक्षालय

गत पुस २८ गते श्री सिग्नल निर्देशनालयले "१४ औं भू-कम्प सुरक्षा दिवस" को अवसरमा शिक्षालयका सकलदर्जालाई लक्षित गरी भू-कम्प सम्बन्धी सचेतना कार्यक्रम गरेको थियो ।



उक्त कार्यक्रममा आ.सेनानी श्री रविन्द्र थापाले भू-कम्प सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गर्नुको साथै भू-कम्पीय उद्धार सम्बन्धि अभ्यास समेत गराउनु भएको थियो ।

## जङ्गी निशान

प्राज्ञ डा.हिमाली पाण्डे
जे.एन.(गोर्खाली पाण्डे)

रातोरङ्ग झण्डा हाम्रो,
त्रिशुलको जङ्गी निशान ।
कुनैपनि शत्रु सामू,
कहिल्यै झुक्न दिन्न ।

झण्डा हाम्रो रगतको,
वीरताको चिन्ह ।
यै झण्डामा फहराउँछ,
नेपालको शान ।

देशको लागि अर्पिनेछौं,
रगत र प्राण ।
राष्ट्र भक्ति देशको शक्ति,
दिन्छौं बलिदान ।

## गजल



सह सेनानी श्री सरोज थापा,
श्री भैरव प्रसाद गण,
नागार्जुन, काठमाण्डौ ।

सिसा जस्तै रै'छ प्रिय माया पनि फुटिहाल्यो २
सम्हाल्छु म भन्दा भन्दै सम्बन्ध यो टुटिहाल्यो ।

समयसँगै बढ्न खोज्यौ दोष तिम्रो के नै छ र २
स्वार्थी रै'छ समय प्रिय स्वार्थ सबै लुटिहाल्यो
सम्हाल्छु म भन्दा भन्दै सम्बन्ध यो टुटिहाल्यो ।

सपना देख्यौ हजार जन्मसँगै जीउने अनि मर्ने २
साथ मेरो थियो प्रिय तिम्रो साथ छुटिहाल्यो
सम्हाल्छु म भन्दा भन्दै सम्बन्ध यो टुटिहाल्यो ।

दुनियाँ यो पापी हो कि हाम्रो भलो नचाहने २
फक्रँदै गरेको कोपिलालाई असिनाले चुटिहाल्यो
सम्हाल्छु म भन्दा भन्दै सम्बन्ध यो टुटिहाल्यो ।

मेरो भाग्य यस्तै रै'छ तिमी सधैं अघि बढ्नु २
सपना सारा भुलें प्रिय बास मेरो उठिहाल्यो
सिसा जस्तै रै'छ प्रिय माया पनि फुटिहाल्यो
सम्हाल्छु म भन्दाभन्दै सम्बन्ध यो टुटिहाल्यो ।

## लेख रचना आह्वान

**यस सिपाही पाक्षिक पत्रिकामा तपाईंका लेख रचनाका साथै कुनै सल्लाह सुझाव भएमा सिपाही पाक्षिक पत्रिका श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखा जंगी अड्डा मा पत्राचार गर्न हुन अथवा sipahipatrika@gmail.com मा ईमेल गर्न अनुरोध गरिन्छ ।**

## दुई टुक्रा



जम.क. शिव महत,
श्री सैनिक अभिलेखालय,
भद्रकालीस्थान काठमाण्डौं

### सबैको चासो..

पल्टन पायक
तीन वर्ष पछि,
परार दशैंमा घर जाँदा,
बुढा बाले भन्नुभयो,
"बाबु तिम्रो पल्टन टाढा पर्‍यो,
भनेको बेलामा घर आउनै गाह्रो" ।
मैले भने, पल्टन त नजिकै हो बा,
घर चाहिँ टाढा पर्‍यो,
त्यसैले भन्नासाथ विदा आउन गाह्रो भयो ।

### हालत.....

दुई लाख ऋण त छँदैछ ।
२१ महिने पनि काटिने हल्ला छ,
पेन्सनको के ठेगान छ र,
भोली देशले दिन सक्ला/नसक्ला,
बाबु बाजेको आशिर्वाद ठ्याक्कै लाग्ने भयो,
जस्तो गएको उस्तै आएस् भन्थे ।
आउँदा रहरै रहरको एफ.एस.एम.ओ थियो,
जाँदा खाली हात ड्रिल हुनेभयो ।

## सिपाही हामी



सिपाही कुमार थापा मगर
श्री जबर जंग गण,
खोटाङ्ग

म हुँ नेपाल आमाको वीरयोद्धा सिपाही
शान्तिपूर्वक बाँच्न दिन नेपाली सबैलाई
चंखभई गर्दछु डियुटी सदैव खटेर
परी आए बैरीसँग लड्दछु डटेर

बाँचेको छ यो देश वीरताको शानले
स्वतन्त्र छ यो देश सैनिक कै बलिदानले
झुकाउँदैनौ शीर शत्रु सामू सिपाही हौ हामी
यही कर्मले विश्वभर बनेका छौ नामी

## थाहा पाई राखौं....

*- मोटर राख्ने ठाउँलाई ग्यारेज भनिन्छ भने हवाईजहाज राख्ने ठाउँलाई* ***हैङ्गर*** *भनिन्छ ।*
*- विश्वको सबैभन्दा कम बेरोजगार भएको देश* ***स्वीट्जरल्याण्ड*** *हो ।*
*-* ***प्रशान्त महासागर*** *त्रिभुज आकारको छ ।*
*- भगवान गौतम बुद्धको आशिष पाएको चरा भनेर* ***सारस****लाई चिनिन्छ ।*
*- नेपालले श्रमसम्झौता गरेको पहिलो मुलुक* ***कतार*** *हो ।*
*- नवलपरासीको* ***देवदह*** *भगवान गौतम बुद्धको मावली हो ।*
*दुलाह र दुलहीको टाउको ठोक्काएर बिहे गर्ने चलन* ***चेपाङ्ग*** *जातिमा रहेको छ ।*
*- नेपालको दोस्रो गौतम बुद्ध भनेर* ***जय पृथ्वी बहादुर सिंह****लाई चिनिन्छ ।*
*- मिलिटरी अस्पताल* ***चन्द्र शम्शेर****ले निर्माण गरेका हुन् ।*

## गजल

प्युठ: बलदेब के.सी. (भरिया)
श्री गणेश दल गण,
तोपखाना ब्यारेक

देशको ममताले सताउँछ मलाई
कुन बेला के हुन्छ अताउँछ मलाई

धेरै बाँच्नु पर्छ भनेर प्रकृति
एक झोका बतास पठाउँछ मलाई

सगरमाथा मेरै शीरमा उभिएर
स्वाभिमान के हो ? बताउँछ मलाई

कतै झरना खस्या कतै कोकील बास्याँ
सुनाएर मधुरता मताउँछ मलाई

## नेपाली सेना



अम गणेश गुरुङ्ग
श्री भैरव गण

हिमाल झैं छ अटल छाती
न त कहिल्यै डगमगाउँछ ।
छत्तिस जातको फूलबारी यो
सधैंभरि मगमगाउँछ ॥

कोही झर्ने, कोही फुल्ने
रीत हो यो चलिरहन्छ ।
संसारभरि शान्ति छर्ने
दीप हो यो बलिरहन्छ ॥

मेचीदेखि कालीसम्म
एउटै मन एउटै तन
जननी र जन्मभूमि
त्यै भएर सुम्पे जीवन

तिम्रै नाम कोरिएका
इतिहासका पाना पाना
गर्व लाग्छ सुन्दा तिम्रो
वीरता र वीरङ्गाना ॥

खुकुरीले विश्व जित्ने
गोर्खालीको गीत गाउँदै
संसार सामू चिनाउँनु छ
चन्द्र र सूर्य फर्फराउँदै ॥

## सिपाही भा'को छु

सिपाही जय बहादुर विष्ट (आंकक्षा)
श्री नरसिंहदल गण, बर्दिया

आमाको असिम प्रेमले देखे यो भव्य संसार
सोच्दछु हरदम कसरी हसाउँ त्यो दिव्य मुहार ।
बालापन बित्यो रुदै र हास्दै आमाको काखमा
सिपाही बनि गर्दैछु राष्ट्रसेवा दिन र रातमा

नेपाल आमाको मलिन मुहार सम्झी गोधुली साँझमा
हृदयमा देशप्रेम सजाई सेवा गर्दैछु आज म
देशकै लागि यो वर्दी मैले लगाउन पाएको छु
देशकै निम्ति समर्पित हुने कशम खाएको छु ।

जस्तै दुःख परेनी म त सहन तयार छु
राष्ट्र कै निम्ति मरिमेटी लड्ने सिपाही भएको छु ।

## युवाको आह्वान

**प्युठ ध्रुब रिजाल श्री सूर्यदल गण**

उप्काई नजाऊ मुटुको खाटो मनको वेदना,
नाशवान यो शरीर वितेर जान्छ रहिरहन्छ सम्झना ।
सपनी जस्तो यो जीवन पायौं, के छ र भरोसा,
बाँचुन्जेल गर पौरख, नखाउन हरेश ।

बिहानी झुल्छ हिमालबीच सुनौलो लहर,
समाज भन्छ उन्नति गर हे मेरा युवक ।
हृदयभित्र अदम्य साहस बटुली हाँसन् ।
गर्जाऊ स्वर एकजुट भई संसार हाकन ।

बिहानीपख सिरसिर हावा पूर्वेली वहन्छ,
नौरङ्गी डाँफे मयुँर नाच्छ प्रकृति रमझम छ ।
वृद्ध ती बुवा उकाली चढ्छन् लौराका साहारा,
बालकलाई औला समाई तिमी बनन् आधार ।

तिमीले आँटे यो धर्ती कोप्छ शक्ति छ तिमीमा
तिमीले चाहे सुनै सुन फल्छ यही मातृभूमिमा ।
नजाऊ विदेश यो भूमि छोडी यही छ सर्वस्व,
अर्काको देशमा जे गरेपनि उनैको वर्चस्व ।

रगत वेची सम्मति जोड्छौ के लान्छौ मरेर ?
पूर्खाले पनि विताए जीवन केही त गरेर ।
घरमा तिम्री ती बुढी आमा आँसुको अधुर,
आमालाई रुवाई नजाउ युवक यो भूमि बाहिर ।

धौराली रुन्छ गोधुली साँझ पर्खेर तिमीलाई ।
सयपत्री फूल्दै तिहार विल्छ नरुवाउ चेलीलाई ।
फोरेर हेर छातीमा तिम्रो नेपालको माया छ
फुट्दैन एटम यो तिम्रो देशमा हिमालको छाँया छ ।

जुंगाको रेखी बसेका युवा धित खोली हाँसन,
असारे भाका सुसेल्दै युवा माटोलाई पुजन ।
सुनौला हातले कर्मलाई छोए असम्भव के छ र ?
देशको लागि मर्नु नै परे पछि को हट्छ र !

## हाम्री आमा

**जम बेद बहादुर भट्टराई**
**श्री बरख गण वीरगंज**

गर्भअवस्थामा झिनो आसा
सपनामा डुबिरहेको मन
जन्म दिईन धर्तिमा
आसाहरु बढ्दै गए झन-झन

सात दिनकी सुत्केरी हाम्री आमा
घाँस दाउरा भन्दै बन-जंगल धाउथिन्
पिठ्युमा भारी पोल्टामा राखी
ना ना ना भन्दै दूध चुसाउथिन्

वर्षदिनपछि हातमा समाई
ताते भन्दै आँगनीमा डुलाउथिन्
चार पाँच वर्षको उमेरमा
क ख लेख्न लगाउथिन

बाबाले त्यसै काखमा राखी
बचेरा जस्तै मकै चपाई खुवाउथे
कुनै दिन रोएको भेटे
ढाडमा राखी हाहा भन्दै घुमाउथे

सानोसानो हुँदा डढ्लाकी मर्ला
घाँस दाउरासँग वनवनै घुमाउथे
पढी लेखी ठूलो मान्छे बने
साहरा पाउला भन्ने ठान्दथे ।

# प्रकृति संरक्षण सम्बन्धी गतिविधि

- शुक्लाफाँटा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री चण्डीप्रसाद गण अन्तर्गत पोष्टहरुबाट गत पुस १५ गतेदेखि मसान्तसम्म गएको पट्रोल टोलीले आरक्ष इलाकामा छाडा रुपमा चरिचरण गरिरहेका ६३० वटा चौपायाहरुलाई नियन्त्रणमा लिएको छ। साथै आरक्ष इलाकामा अवैधरुपमा घाँस दाउरा तथा काठ काटिरहेका ४७ व्यक्तिहरुबाट हँसिया गोटा ३०, नाम्लो गोटा ३, बन्चरो गोटा १२ ,आरा गेटा २, साईकल गोटा ५ सहित ९ वटा सालको मुढा र करौती गोटा १०, गाडा २ थान, भलिबल गोटा १, जाली गोटा १ सालको रुख गोटा ४ बरामद गरेको छ। यस्तै पुस २४ गते मालुमेला पोष्टबाट गएको पट्रोल टोलीले सालगैंडीताल इलाकामा पट्रोलिङ्गको क्रममा गणको जिम्मेवारी क्षेत्र अन्तर्गत मलुमेला पोष्टको करिब २ की.मी उत्तर उल्टाखाम इलाकामा बाघले मारेको अवस्थामा चित्तल १ फेला पारी आरक्ष प्रशासनको रोहोवरमा मुचुल्का गरी आरक्ष प्रशासनलाई बुझाइएको थियो ।

- बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री नरसिंहदल गण अन्तर्गत पोष्टहरुबाट पुस १६ गते सुरक्षा गुल्म चेपाङ्गबाट गएको पट्रोल टोलीले बबई खोलामा अवैधरुपमा माछा मार्दै गरेका ४ जना व्यक्तिहरुलाई जाल गोटा १ र झोला गोटा २ सहित पक्राउ गरेको थियोभने यस्तै सुरक्षा पोष्ट भासताल र चेपाङ्गबाट गएको पट्रोल टोलीले ब.रा.नि.भित्र अवैधरुपाम घाँस दाउरा गरिरहेको १६ जना व्यक्तिहरुलाई नाम्लो थान ४ सहित पक्राउ गरी निकुञ्ज प्रशासनलाई बुझाएको थियो ।

- चित्तवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री नन्दबक्स गण हेडक्वाटर अन्तर्गत चप्परचुली पोष्टबाट पुस २१ गते गएको पट्रोल टोलीले सुण्डीघाट इलाकामा कठार गा.वि.स वडा नं ८ बसोबास गर्ने ६ जना व्यक्तिहरुलाई ७ फिट लम्बाई ९-३ ईन्चको सालको काठ ३ पिस,७ फिट लम्बाइ ४-३ ईन्चको सालको काठ ५ पिस, ६ फिट लम्बाई ४ -३ ईन्चको सालको काठ १ पिस र रिक्सा गोटा १ सहित पक्राउ गरी निकुञ्ज प्रशासनलाई बुझाइएको थियो ।

सुनसरी जिल्ला पश्चिम कुसाहा ४ मा बस्ने ३५ वर्षका सुभाङ्ग मनसुरीलाई पुस २४ गते अर्नाले हानि गम्भीर घाइते बनाएकोमा निजको उपचारको लागि कोशीटप्पु वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री ईन्द्रदल गुल्मको टोयटा गाडीद्वारा ईनरुवास्थित जिल्ला अस्पताल पुऱ्याइएको थियो । निजको उपचारको क्रममा मृत्यु भएको हुँदा जिल्ला अस्पतालबाट पोष्टमार्टम पश्चात् मृतकको आफन्तलाई बुझाएको थियो । त्यसैगरी गत पुस २१ गते गएको संयुक्त पट्रोल टोलीले आरक्षको कोर इलाकामा पर्ने फायरलाईनबाट ५०० मिटरभित्र पर्ने इलाकामा दाउरा काट्दै गरेको अवस्थामा डोरी १४ थान, बिडा १४ थान र दाउरा १४ भारी सहित १४ महिलालाई पक्राउगरि आरक्ष प्रशासनमा बुझाएकोमा निजहरुसँग रहेको सामग्री जफतगरि प्रति व्यक्ति रु १०० को दरले जरिवाना गरी छाडेको थियो ।

- शिवपुरी राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री रणबम गण अन्तर्गत सुवेश झुलेबाट पुस २० गते गएको पट्रोल टोलिले कुइकेल इलाकामा बिना ईजाजत जंगल प्रवेश गरी घाँस दाउरा काटिरहेको काठमाण्डौ जिल्ला बज्रयोगीनी गाविस ५ बस्ने १२ जना व्यक्तिहरुलाई पक्राउ गरेको थियो ।

शिवपुरी, नागर्जुन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री भैरव प्रसाद गण अन्तर्गत सुरक्षा पोष्टहरुबाट पुस १७ गतेदेखि २६ गतेसम्म गएको पट्रोल टोलीले निकुञ्ज इलाकाभित्र प्रवेश गरी अनाधिकृत रुपमा घाँसदाउरा काट्दै गरेका १७ जना महिलाहरुलाई पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको साथै ८ गते सुरक्षा पोष्ट रानि वनबाट गएको पट्रोल टोलीले गुल्म हेडक्वाटरमा बा.४ प २४२४ नम्बरको मोटरसाईकलमा बिना ईजाजत बिना टिकट आएका २ जना व्यक्तिहरुलाई पक्राउ गरी निकुञ्जका गेमा स्काउटलाई बुझाएको थियो ।

## बेरुजु पछ्यौंट........

पुरस्कृत हुनेहरुमा सैनिक आर्थिक प्रशासन विभागमा कार्यरत लेखा सहायक रथीद्वय श्री अमिर बिष्ट र श्री यादवध्वज देउजा, लेखा प्र.से. श्री शिवशरण थापा, लेखा सेनानी श्री विनोद थापा, लेखा सह.से सुश्री बनिता बि.सी. र लेखा स.से. किरणकुमार कुँवर हुनुहुन्छ । त्यसैगरि बला.वि. बजेट महाशाखाका लेखा.म.से श्री भुवन बहादुर अधिकारी, सम्भाररथी विभाग (प्राप्ती) का लेखा प्र.से. श्री दीपक कुमार अधिकारी, कल्याणकारी योजना निर्देशनालयका लेखा.प्र.से. श्री प्रकाश खड्का, सैनिक हवाई महानिर्देशनालय मध्य एयर बेशका लेखा सेनानी श्री सुशिल सिजापती, वीरेन्द्र अस्पतालका लेखा सेनानी श्री दीपक राज गिरी, नं २५ वाहिनी अड्डाका लेखा सेनानी राम बहादुर बाटा र बलाधिकृत विभाग (सै.वि.म.नि.)का लेखा सेनानी श्री नरेन्द्र मल्ल पुरस्कृत हुनुभएको छ। माघ ४ गते नै आर्थिक प्रशासन विभागका विभागीय प्रमुख लेखा सहायक रथी श्री यादवध्वज देउजाले बेरुजु फछ्यौंट गर्न उल्लेखनीय योगदान पुऱ्याउने लेखा पदिकहरुलाई नगद पुरस्कार तथा प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो ।

पुरस्कृत हुने पदिकहरुमा सैनिक आर्थिक प्रशासन विभागका लेखा सु.क. सुरेन्द्र बहादुर खड्का, लेखा सु.क. भरोशकुमार अधिकारी, लेखा सु.क. विश्वनाथ सापकोटा, लेखा सु.क. प्रकाश कार्की र लेखा जम.क. लक्ष्मण खड्का हुनुहुन्छ। यस्तै सम्भाररथी विभाग (प्राप्ती) का लेखा सु.क. प्रेम कार्की र लेखा सु.क. राकेश्वर खत्री, फष्ट रैफल गणका लेखा सु.क. विनोद आचार्य, सर्भे शाखाका लेखा जम.क शरद ढकाल, सैनिक हवाई निर्देशनालयका मध्य एयर बेशका लेखा सु.क. नारायण बहादुर बस्न्यात, बला.वि. बजेट महाशाखाका लेखा सु.क. प्रभुकृष्ण के.सी., वीरेन्द्र अस्पतालका लेखा सु.क. प्रकाश खड्का, सुन्दरीजल आर्शनल कार्यालयका लेखा सु.क. राजकुमार भण्डारी, सैनिक सामग्री उत्पादन निर्देशनालयका लेखा जम.क. जीवन कार्की, बला.वि. ( सै.वि.म.नि.)का लेखा सु.क. पुण्यराज खत्री र स्वयम्भू बारुदखाना कार्यालयका लेखा सु.क. रमेश कार्की हुनुहुन्छ ।

## रक्तदान

बर्दबहादुर गणका अम टिकाराम खत्री र सिपाही किरण भण्डारीले दोलखा जिल्लाको क्षमावती बस्ने २४ वर्षीया श्रीमती शान्ति थामीको उपचारको लागि रक्तदान गरेका छन् । अत्याधिक रक्तश्रावका कारण अस्पताल भर्ना भएकी थामीको उपचारको लागि ति सैनिक जवानहरुले जिल्ला जनस्वास्थ्य कार्यालय, चरिकोटमा गई रक्तदान गरेका हुन् ।

## राजदल गणको.....

सोही दिन गणका सकल जवान तथा परिवारजनको सहभागितामा आयोजना गरिएको वडाखानामा सहायक रथी श्री बस्न्यातको समेत सहभागिता रहेको थियो । त्यसैगरि सोही दिन बिहान गणपति प्रमुख सेनानी श्री कृष्ण बहादुर बडवालले निशान भगवतीको पूजाअर्चना गर्नुको साथै क्वाटर गार्डमा झण्डोत्तोलन गर्नुभएको थियो । साथै उहाँले गणमा रिक्त रहेको दरवन्दीमा पदोन्नति हुने जवानलाई दर्ज्यानी चिन्हसमेत प्रदान गर्नुभएको थियो । त्यसैगरि पुस ११ गते गणपति श्री बडवालले सकलदर्जालाई प्रोत्साहन गर्ने हेतुले वर्षभरिमा उत्कृष्ट कार्य गर्ने, विभिन्न तालिमहरुमा प्रथम, द्वितीय र तृतीय हुने, वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित अन्तरब्याट्री खेलकुद प्रतियोगिताहरुमा द्वितीय र तृतीय हुने व्यक्तिहरुलाई पुरस्कार वितरण गर्नु भएको थियो । साथै वार्षिकोत्सवको अवसरमा उहाँले गणका सकल दर्जाहरुको तर्फबाट बुङ्गमतीस्थित 'डिस्याबल सर्भिस् एसोसियसन' मा रहेका शारीरिक अशक्त बालबालिकाहरुलाई पाठ्य सामग्री वितरण गर्नुभएको थियो ।

### *नेपाली सेनाद्वारा आयोजित नेपाली कथानक लघुचलचित्र प्रतियोगितामा सहभागिताको लागि आह्वान*

*विषय :- नेपाली जनताको हितमा नेपाली सेना*
*न्यूनतम समय :- १० मिनेट*
*फिल्म बुझाउने अन्तिम मिति :- फागुन १५ गते*
*प्रथम पुरस्कार :- नगद रु १,५०,०००।-*
*द्वितीय पुरस्कार :- नगद रु १,००,०००।-*
*तृतीय पुरस्कार :- नगद रु ५०,०००।-*

प्रतियोगितामा विभिन्न मिडिया, संघसंस्था, शिक्षण संस्था तथा विज्ञहरुले सहभागिता जनाउन सक्नुहेनछ । विस्तृत जानकारीको लागिः- श्री सैनिक जनसम्पर्क निर्देशनालय भद्रकाली, काठमाण्डौको फोन नं. ०१-४२६९६२४, ९८५१०७९९१७ अथवा इमेल armyhq@gmail.com मा सम्पर्क गर्नुहुन वा www.nepalarmy.mil.np मा हेर्न सक्नुहुनेछ ।

## सैनिक अस्पतालहरुबाट प्रदान गरिने औषधी उपचार सुविधामा हेरफेर

सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिको २०६८ कार्तिक २८ गते बसेको ३६ औं बैठकको एजेण्डा नं २ बाट निर्णय भएअनुसार कल्याणकारी कोषबाट खर्च व्यहोर्ने गरी भु.पू. तथा बहालवाला सैनिक र सैनिकका परिवारहरुलाई प्रदान गरिने औषधोपचार सुविधामा हेरफेर भएको छ ।

**महिला सैनिकको सासु/ससुरा सम्बन्धमाः** बैठकले गरेको निर्णयअनुसार महिला कर्मचारीहरुको आमाबुबा र सासुससुरासमेतलाई प्रदान गरिएको औषधोपचार सुविधा रद्द गरी पुरुष र महिला सैनिक दुबैको समान ढङ्गबाट आमा र बुबालाई मात्र सुविधा प्रदान गरिने भएको छ ।

**बहु श्रीमती हुनेहरुको सम्बन्धमाः** बहुश्रीमती भएका व्यक्तिहरुको हकमा पहिलो जेष्ठ श्रीमतीलाई मात्र उपचार सुविधा प्रदान गरिने भएको छ। जेठी श्रीमतीको मृत्यु, बेपत्ता, छोडपत्र जस्ता कानुनी आधारसहित दोश्रो विवाह गरेको अवस्थामा नीज श्रीमतीले पहिलाको श्रीमतीले प्राप्त गरेको सुविधा पाउने तर जुनसुकै अवस्था भएतापनि एक भन्दा बढी श्रीमतीले नपाउने व्यवस्था गरिएको छ भने कानूनीरुपमा वैध हुने गरी दुईवटा श्रीमती भएको अवस्थामा दुई मध्ये कस्लाई दिने भन्ने सम्बन्धमा विवाद देखिएमा श्री कार्यरथी विभाग(प्राड विवाक) को राय लिई राय बमोजिम गर्ने व्यवस्था मिलाइएको छ ।

**छोराछोरीको सम्बन्धमाः** छोरा छोरीको हकमा पहिलो श्रीमतीबाट जन्म भएका २ जना छोरा छोरीलाई मात्र उपचार सुविधा प्रदान गर्ने तर प्रथम श्रीमतीको कोखबाट छोरा छोरीको जायजन्म नभई ऐन कानुनबमोजिम दोश्रो विवाह गरी जन्मिएका २ जना छोराछोरीलाई मात्र नियमानुसार प्रदान गरिने भएको छ । उमेरको हदमा २१ वर्षसम्म अर्थात् २२ वर्ष नलाग्दासम्म छोराछोरीको उपचार गरिनेछ ।

**औषधोपचार खर्चको सीमा नाघेमाः** यस्तै सैनिक अस्पतालमा बेड भर्नाभई बस्दा उपचार गराउने कतिपय बिरामीहरुको उपचार गर्ने क्रममा एक लाखभन्दा बढी खर्च हुने भएकाहरुको हकमा वीरेन्द्र अस्पतालको 'ड्रग एण्ड थेरापि कमिटि' को सिफारिसमा उक्त अस्पतालका कमाण्डान्टबाट स्वीकृतिभई कल्याणकारी योजना निर्देशनालयबाट अनुमोदन गर्ने गरी त्यस्तो अवस्थामा(बेड भर्ना) रु १ लाखको सीमा लागू नगर्ने तर अस्पतालबाट डिस्चार्ज भइसकेपछि सो आर्थिक वर्षभरि निजको लागि आवश्यक औषधी तथा औषधीजन्य बापतको खर्चको सीमा रु १ लाख भन्दा बढी हुन गएमा बेड भर्ना रु १ लाखको सीमा लागु नगर्ने जनाएको छ । अस्पतालबाट डिस्चार्ज भइसकेपछि सो आर्थिक वर्षभरी निजको लागि आवश्यक औषधी तथा औषधीजन्य बापतको खर्चको सीमा रु १ लाख भन्दा बढी हुन गएमा त्यस्तो बढी खर्च रकम कल्याणकारी कोषबाट नव्यहोरिने कल्याणकारी योजना निर्देशनालय जनाएको छ ।

### 'माटोले माग्दैन आफैले दिनु पर्छ' पाक्षिक टेलिभिजन कार्यक्रम प्रसारण हुने समय तथा स्टेशनहरु

| सि.नं. | स्टेशन | बार | समय |
|---|---|---|---|
| १. | नेपाल टेलिभिजन | मंगलबार | साँझ ५:३० |
| २. | सगरमाथा टेलिभिजन | मंगलबार | अपरान्ह ४:०० |
| ३. | ईमेज च्यानल | मंगलबार | साँझ ६:०५ |
| ४. | हिमालय टेलिभिजन | सोमबार | साँझ ५:३० |
| ५. | च्यानल नेपाल | सोमबार | साँझ ६:३० |
| ६. | नेपाल वान | बुधवार | साँझ ६:०० |
| ७. | माउण्टेन टेलिभिजन | बिहीबार | अपरान्ह २:३० |
| ८. | तराई टेलिभिजन | शुक्रबार | अपरान्ह १:३० |

## शान्ति सेना स्वागत ....



यस्तै सोही गणको तेश्रो टोलीलाई यही माघ ५ गते त्रिभुवन आर्मी अफिसर्स क्लव परिसरमा आयोजित एक कार्यक्रमकाबीच कार्यरथी उपरथी श्री नरबहादुर कँडेलले स्वागत तथा नगद पुरस्कार प्रदान गर्नुभएको थियो ।



यस्तै सोही गणको चौथो टोलीलाई यही माघ १२ गते त्रिभुवन आर्मी अफिसर्स क्लव परिसरमा आयोजित एक कार्यक्रमबीच प्रवन्धरथी उपरथी श्री नरेन्द्रबहादुर रावलले स्वागत तथा नगद पुरस्कार प्रदान गर्नुभएको थियो

## पश्चिम पृतना जी-१/जी-४ सम्मेलन सम्पन्न

कार्यरथी उपरथी श्री नर बहादुर कंडेलको प्रमुख आतिथ्यमा गत पुस २५ गतेदेखि २८ गतेसम्म आयोजना भएको पश्चिम पृतना जी-१/जी-४ सम्मेलन सम्पन्न भएको छ । उक्त सम्मेलनमा कार्यरथी उपरथी श्री कंडेलले हाल भइरहेको समसामयिक घटना तथा विगतमा भएको अनुशासन सम्बन्धी घटनाहरुको जानकारी दिनुका साथै पृतना अन्तर्गतका अधिकृतहरुलाई आफ्नो गण, गुल्ममा अनुशासन सम्बन्धी विभिन्न निर्देशनसमेत दिनु भएको थियो । उक्त सम्मेलनमा पश्चिम पृतनापति उ.र. श्री भिक्टर ज.ब.रा लगायत अन्य अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।



## मध्यपश्चिम पृतनापतिबाट निरीक्षण सम्पन्न



गत पुस २५ गते तारादल गण दाङ जिल्लाको घोराहीबाट भरतपुर व्यारेकमा स्थानान्तरण भएको छ । सो क्रममा पुस २७ गते मध्य पश्चिम पृतनाका पृतनापति उपरथी श्री प्रदिप विक्रम राणाले भरतपुर व्यारेकको निरीक्षण गर्नुका साथै भरतपुर व्यारकमा नवनिर्मित क्वाटर गार्ड भवनको समेत उद्घाटन गर्नुभएको थियो । सोहीक्रममा उपरथी श्री राणाले गणले गिठ्ठेपानी इलाकामा सञ्चालन गरेको सामूहिक तालिमको समेत निरीक्षण गर्नुभएको थियो । उक्त निरीक्षण भ्रमणमा नं.१९ वाहिनीपति सहायक रथी श्री जगदिश चन्द्र पोखरेलको समेत उपस्थिति रहेको थियो ।

## मध्य पृतनापतिबाट निरीक्षण

मध्य पृतनाका पृतनापति उपरथी श्री राजेन्द्र क्षेत्रीले पृतना मातहतका युनिटहरुको निरीक्षण भ्रमण गर्नुभएको छ । सो क्रममा यही माघ २ गते उहाँले श्री देवीदल गणको निरीक्षण भ्रमण गर्नुभई सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो ।



जिमहलको निरीक्षण गर्नुहुँदै मध्यपृतनापति ।

त्यसैगरि माघ ४ गते श्री गुरु गोरख गण, श्री बरख गण तथा पर्सा र वीरगंज मा.च.अड्डाको निरीक्षण गरी सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो भने माघ ५ गते बारास्थित दुर्गाभञ्जन गुल्म र गुल्मको सामूहिक तालिम इलाका तथा वेल्वा र जितपुर सुरक्षा बेशको निरीक्षण गरी सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो ।

यसैबीच यही माघ ९ गते पृतनापति श्री क्षेत्रीले पृतनाको हाताभित्र नवनिर्मित वीर स्मारकको एक समारोहकाबीच उद्घाटन गर्नुभएको थियो । त्यसैगरि सोही दिन पृतनाका चीफ अफ स्टाफ सहायक रथी श्री दिपक विक्रम पाण्डेले पृतनाहाताभित्र निर्माण गरिएको जीम हल, साईवर क्याफे, तथा पुस्तकालयको एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभएको थियो ।

## नं. ३ राजदल गणको वार्षिकोत्सव सम्पन्न

यही माघ ३ गते नं. ३ राजदल गणले पश्चिम पृतनापति उपरथी श्री भिक्टर ज.ब.रा.को प्रमुख आतिथ्यमा आफ्नो स्थापनाको सातौं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरुको आयोजनागरि मनाएको छ ।

वार्षिकोत्सव कार्यक्रममा पश्चिम पृतनापति उपरथी श्री ज.ब.रा.ले नं.३ राजदल गणको गणगान सी.डी. विमोचन गर्नुकासाथै वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको फुटबल, भलिबल, व्याडमिन्टन, टेबल टेनिस, ५ की.मी. दौड, तानडोरी र अब्स्टेकल लगायतका इभेन्ट्सहरुमा विजयी हुने खेलाडीहरुलाई प्रमाण-पत्र तथा पुरस्कार प्रदान गर्नुभएको थियो ।



पश्चिम पृतनापति उपरथी श्री भिक्टर ज.ब.रा. वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न इभेन्ट्समा विजयी हुनेलाई पुरस्कृत गर्नुहुँदै ।

वार्षिक उत्सवका दिन विहान गणपति प्रमुख सेनानी श्री रामजी थापाले गणको निशान पूजा गर्नुभई झण्डोत्तोलन गर्नुभएको थियो । साथै उहाँले वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको चित्ता कार्यक्रमको पुरस्कार वितरण गर्नुकासाथै नवनिर्मित वीर स्मारकको उद्घाटन गर्नुभएको थियो । सो क्रममा गणका सकलदर्जाबाट वीरगति प्राप्त सैनिक जवानहरुको तस्वीरमा माल्यार्पण तथा पुष्पगुच्छा चढाई मौनधारण समेत गरिएको थियो । त्यसैगरि सो अवसरमा सकलदर्जा तथा परिवारजनको लागि वडाभोजको आयोजना गरिनुकोसाथै विभिन्न मनोरञ्जनात्मक कार्यक्रम र पाहुना खेलसमेत सञ्चालन गरिएको थियो ।

## उपत्यका पृतनापतिबाट नं. २६ वाहिनी अड्डाको निरीक्षण

उपत्यका पृतनापति उपरथी श्री महेश विक्रम कार्कीले यही माघ ८ गते काभ्रेपलान्चोक जिल्ला भकुण्डेबेशीस्थित नं २६ वाहिनी अड्डाको निरीक्षण गर्नुभयो ।

सो क्रममा उहाँले विकास निर्माण तथा स्थपति महानिर्देशनालयबाट प्राप्त रकम र उक्त वाहिनी





अड्डाका सकलदर्जाको श्रमदानबाट वाहिनीमा नवनिर्मित बजरङ्गी परेड ग्राउण्डको समेत उद्घाटन गर्नुभएको थियो ।

निरीक्षणको क्रममा पृतनापतिले क्वार्टर गार्ड तथा वाहिनी हाताको निरीक्षण, वाहिनी अड्डाको जिम्मेवारी क्षेत्रको वस्तुस्थितिको बारेमा जानकारी लिनुभएको थियो ।

## प्रतिविद्रोह तथा जंगल वारफेयर तालिम शुरू

बारा जिल्लाको अमलेखगन्जस्थित प्रतिविद्रोह तथा जङ्गल वारफेयर शिक्षालयमा यही माघ २ गतेदेखि विदेशी सैनिकहरुसमेत सम्मिलित सि.सं. ८२ प्रतिविद्रोह तथा जंगल वारफेयर तालिम शुरु भएको छ ।



सैनिक विनय महानिर्देशक उपरथी श्री यज्ञ विक्रम राणा तालिम शुभारम्भका क्रममा शिक्षार्थीहरूलाई सम्बोधन गर्नुहुँदै ।

तालिमको शुभारम्भका क्रममा सैनिक विनय महानिर्देशक उपरथी श्री यज्ञ विक्रम राणाले देशको आन्तरिक सुरक्षा र प्रतिविद्रोह सम्बन्धी जस्तोसुकै परिस्थितिको सामना गर्न आवश्यक क्षमताको विकास र प्रतिविद्रोह तथा आतंकवाद जस्तो कठिन विषयलाई अझ विस्तृत तरिकाले बुझ्न तालिमले सहयोग पुऱ्याउने धारणा राख्नुभएको थियो ।

प्रतिविद्रोह, प्रतिआतंकवाद, जंगल युद्धकला, ग्रामिण प्रतिविद्रोहको कारवाही, शहरी प्रतिविद्रोहको कारवाही तथा अन्य विविध पक्षमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिइने उक्त तालिममा स्वदेशी शिक्षार्थी ३० र विदेशी शिक्षार्थी ८ गरी जम्मा ३८ जना शिक्षार्थीको सहभागिता रहेको छ । विदेशी शिक्षार्थीहरुमा बंगलादेशबाट-१, चीनबाट-२, भारतबाट-१, दक्षिण कोरियाबाट-१, श्रीलंकाबाट-१ र अमेरीकाबाट-२ जनागरी ८ जनाको सहभागिता रहेको छ ।

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक सम्पादन सहयोगी : प्रा.सु. विनोद अधिकारी ले-आउटः प्रा.हु. कृष्ण सिंह बोहरा/प्रा.अम. प्रकाश हुमागाँई